# गाउँसभाको बैठकमा गाउँपालिका अध्यक्ष श्री माधव प्रसाद अर्यालद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८१।०८२ को उत्तरगया गाउँपालिकाको

# नीति तथा कार्यक्रम

उत्तरगया गाउँपालिका

२०८१ जेठ ३१ गते

गाउँसभा सदस्यज्यूहरु,

१. हामी संघीय गणतन्त्र नेपालको स्थानीय सरकारको सञ्चालनको दुई वर्ष पूरा गरी तेस्रो वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा छौं । यस गरिमामय सभा समक्ष उत्तरगया गाउँपालिकाको आ.व. २०८१।०८२ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिसम्मको विभिन्न समयमा आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सभाका सदस्यज्यूहरु

२. विगतका वर्षहरुको कार्यक्रम कार्यान्वयन प्रभावकारी ढङ्गले सञ्चालन भएको र सोबाट आम नागरिकले फरक अनुभूति गरिरहेको र गाउँपालिका भित्रका समग्र समस्यामा नागरिकसंग गाउँपालिका साथसाथै रहेको छ। अघिल्ला वर्षहरुको नीति तथा कार्यक्रमले समेटेका अधिकांश कार्यक्रमहरु कार्यान्वयन चरणमा रहेका छन् र अपेक्षित प्रतिफल समेत हासिल भइरहेको छ ।

३. सीमित स्रोत साधनका वावजुद हाम्रा असीमित आवश्यकताहरुलाई प्राथमिकीकरण गर्दै उपलब्ध श्रोत साधनलाई अधिकतम उपयोग गरी स्थानीय जनसमुदायको आवश्यकतालाई परिपुर्ति गर्न स्थानीय सरकारको कर्तव्य रहेकोले त्यस तर्फ प्रयत्नरत रहन हामी सचेत रहेका छौं ।

४. गाउँपालिकाको गुरुयोजना तथा दोस्रो आवधिक योजनाले तय गरेका लक्ष्य प्राप्त गर्न र नेपालले वि.सं. २०८७ (सन् २०३०) भित्र दिगो विकासको लक्ष्य प्राप्त गर्ने एवं मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य लिएको हुनाले हामीले पनि सोही लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी विकासका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने तथा आम नागरिकहरुलाई आय आर्जनसँग जोड्ने गरी कार्यक्रमहरु तय गर्नुपर्नेछ ।

सभाका सदस्यहरु

५. मानव पुंजी निर्माण, सामाजिक रुपान्तरण र आर्थिक विकास सहितको आधुनिक समाज निर्माण गर्न गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने आधारभुत र माध्यमिक शिक्षालाई उच्च प्राथमिकता दिइएको छ । प्रारम्भिक बालविकास कक्षा र कक्षा १ लाई प्रविधिमैत्री बनाउन यसअघि ल्याइएका कार्यक्रमलाई निरन्तरता दिइनेछ। शैक्षिक पुर्वाधारको विकास, दक्ष जनशक्ति एवं शिक्षण सामाग्रीको व्यवस्था र नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरीय र जीवन उपयोगी शिक्षाको सुनिश्चिता हुने गरी कार्यक्रमहरु क्रमशः तय गरिनेछ ।

६. प्राविधिक जनशक्ति निर्माणको लागि गाउँपालिका भित्रका आर्थिक रुपमा विपन्न, जेहन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत डिप्लोमा तहको

अध्ययनको लागि प्रतिवडा तीन जनाको दरले बार्षिक पन्ध्र जनालाई छात्रवृत्तिको व्यवस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। उच्च तथा प्राविधिक शिक्षाको छात्रवृत्तिमा दलित विद्यार्थीहरुलाई विशेष व्यवस्था गरिनेछ।

७. सामूदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरु र अति विपन्न विद्यार्थीहरुलाई पोशाक, झोला र स्टेशनरी व्यवस्थापन गरिनेछ।

८. शिक्षामा प्रविधिको अधिकतम उपयोग गर्दै सीपयुक्त नागरिक निर्माणको लागि साझेदार संस्थाहरुसंगको सहकार्यमा प्राविधिक तालिमका लागि जोड दिइनेछ।

९. वालविकास केन्द्र र कक्षा १ लाई व्यवस्थित र प्रभावकारी ढंगबाट संचालन गर्न डिजिटल कक्षाको लागि सिर्जनात्मक सिकाइमा आधारित शिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. गाउँपालिका अन्तर्गतका सम्पूर्ण करारका कर्मचारीहरु, वालविकास सहजकर्ता, विद्यालय सहायक, विद्यालय सहयोगी, गाउँपालिका अनुदानका शिक्षक कर्मचारीको मनोबल उच्च पार्न शिक्षक कर्मचारी प्रोत्साहनको विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

११. हरेक शुक्रबारलाई सिक्दै पढ्दै कार्यक्रम अन्तर्गत विद्यार्थीहरुलाई पुस्तक बाहेकको व्यवहारिक ज्ञान दिने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१२. विद्यालयमा सुत्केरी विदा, लामो समयको विरामी विदा, अध्ययन विदा, योग्यता पुगेका शिक्षकको अभाव आदि कारणबाट हुने शैक्षिक क्षति न्युनिकरण गर्न सट्टा शिक्षकको व्यवस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. योजनावद्ध शिक्षण र सिकाई उपलब्धि वृद्धि गर्ने उद्देश्य अनुरुप प्रत्येक शिक्षकहरुको दैनिक कार्ययोजना निर्माण र कार्यान्वयनका ल्याइएको कार्यक्रमको निरन्तरता सहित प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

१४. शिक्षक तथा विद्यार्थीहरुको आन्तरिक क्षमता वृद्धि गर्न आधारभुत तथा माध्यमिक तह स्तरीय अतिरिक्त क्रियकलापहरु सञ्चालन गरिनेछ ।

१५. गाउँपालिकाबाट तोकिएका विकट क्षेत्रहरुमा सञ्चालित विद्यालयहरुमा कार्यरत वडा बाहिरका शिक्षकहरुलाई दिदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ साथै गाउँपालिका अन्तर्गतका सो क्षेत्रका कर्मचारीलाई समेत सोही बमोजिम प्रोत्साहन रकम दिइनेछ ।

१६. विद्यालय व्यवस्थापन परिवार र शिक्षकहरुलाई तालिमको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ । शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन र अभिभावकहरुको समन्वयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन सहित नमुना विद्यालयको रुपमा विकास गर्न प्रोत्साहन गरिनेछ ।

अध्यक्ष

१७. शिक्षकलाई सेवाप्रति उत्साहकासाथ समर्पित गराउन, विद्यार्थीलाई अध्ययनमा उत्प्रेरित गर्न र विद्यालयको शैक्षिक गतिविधि साथै आफ्नो विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा विषेश ध्यानदिने अविभावकहरु मध्यबाट उत्कृष्ठ शिक्षक विद्यार्थी र अविभावकलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. विद्यालय शिक्षामा पारदर्शिता, सुशासन, जवाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन गर्न विद्यालय अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाइनेछ ।

१९. आधारभुत तहका शिक्षकहरुको लागि एकिकृत पाठ्यक्रम तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२०. स्थानीय पाठ्यक्रममा आधारित कक्षागत पाठ्यपुस्तक निर्माण गरिनेछ ।

२१. गाउँपालिकाका सबै आधारभूत(१-८) र माध्यमिक विद्यालयहरुमा स्काउट कार्यक्रमलाइ निरन्तरता दिइनेछ साथै विद्यालयको शैक्षिक वातावरणलाई सुदृढ बनाइनेछ ।

२२. प्रभावकारी शिक्षण सिकाइका लागि आवश्यक भौतिक पूर्वाधार र शैक्षिक सामाग्रीको व्यवस्थापन उचित ढङ्गले गरिनेछ।

२३. विद्यार्थी शिक्षक अनुपात, शैक्षिक गुणस्तर र प्रभावकारिताको आधारमा शैक्षिक जनशक्तिको व्यवस्थापन गर्दै लगिनेछ।

२४. विद्यालय खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन थप अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ।

२५. कक्षा १ देखि ३ सम्म अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार गरी कार्यान्वयन गरिनेछ।

२६. राज्यले शिक्षा क्षेत्रमा ठूलो लगानी गरेको छ । यद्यपी लगानी अनुसार प्रतिफल प्राप्त भइरहेको छैन । सरकारी विद्यालयहरुको गुणस्तर लगानीको तुलनामा अत्यन्त कमजोर रहेको छ । सरकारी विद्यालयहरुको गुणस्तर सुधार गर्न शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नुका साथै विद्यालयहरुलाई आवासीय संरचनामा विकास गर्न आवश्यक कार्य अगाडि बढाइएनेछ ।

२७. विद्यालय शिक्षालाइ प्रभावकारी बनाउन कार्यसम्पादनलाइ नतिजामा आधारित बनाउन गाउँपालिका शिक्षा शाखा र सम्पूर्ण विद्यालयका प्रधानाध्यापक वीचमा कार्य सम्पादन सम्झौता गरी आवधिक समिक्षा गरिनेछ ।

सभाका सदस्यहरु

२८. गाउँपालिका भित्रका सबै सरकारी तथा निजि स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन नियमन र अध्यावधिक गरी बाह्रै महिना गुणस्तरीय आधारभुत सेवाको प्रत्याभूति गरिनेछ ।

२९. यस गाउँपालिकामा सञ्चालनमा रहेको आँखा केन्द्रलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ।

३०. विशेषज्ञ डाक्टर सहितको टेलिमेडिसिन सेवा डाडाँगाउँ स्वास्थ्य चौकी र लहरेपौवा स्वास्थ्य चौकीमा सञ्चालनमा रहेकोमा आगामी वर्ष सामूदायिक स्वास्थ्य इकाई बोगटीटार र ठूलोगाउँ स्वास्थ्य चौकीबाट समेत सञ्चालन गरिनेछ ।

३१. गाउँपालिकाबाट सञ्चालित फिजियोथेरापी सेवालाई थप प्रभावकारी बनाइनेछ।

३२. गाउँपालिका भित्रका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाई र ल्याबको स्तरोन्नती गरिनेछ ।

३३. स्वास्थ्य तथा आयुर्वेद शाखाका शिविरहरु मार्फत नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिएको कार्यलाई निरन्तरता दिइनेछ।

३४. ज्येष्ठ नागरिकहरुका लागि निःशुल्क स्वास्थ्य जाँच तथा उपचार शिविरको व्यवस्था गरिनेछ ।

३५. विद्यालयहरुमा जुनेटिक डिजिट सम्बन्धित सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

सभाका सदस्यहरु

३६. विकासको पूर्वाधारको रुपमा रहेको सडक सञ्जाललाई विस्तार गरी सहज आवागमन, आन्तरिक आर्थिक गतिविधि विस्तार, ग्रामिण उत्पादनलाई वजारसम्मको सहज पहुँच सुनिश्चित गर्न, व्यापार सहजिकरण गर्न, सुविधायुक्त र सुरक्षित सडक पूर्वाधार निर्माणमा जोड दिइनेछ साथै आगामी दिनमा निर्माण हुने सडकहरु *उन्नत ग्रामीण सडक निर्देशिका* बमोजिम निर्माण गरिनेछ।

३७. शान्तिबजार, पैरेगाउँ, ठुलोगाउँ, डाडाँगाउँ, खड्कु, सिरुचेत, भदौरे सडकको स्तरोन्नती गर्न र कालोपत्रे गर्नको लागि गाउँपालिकाले निर्माण गरेको विस्तृत परियोजना प्रतिवेदनबमोजिम प्रदेश सरकारसँग थप पहल गरिनेछ ।

३८. वोगटीटार, वनुवा, छाप, मनिगाउँ, कर्मिडाडाँ, ढुङ्गे, कालिकास्थान सडकको स्तरोन्नति र कालोपत्रे गर्न गाउँपालिकाले निर्माण गरेको विस्तृत परियोजना प्रतिवेदनबमोजिम सडकको स्तरोन्नती र पक्की सडक निर्माण कार्य अगाडि बढाउन प्रदेश सरकारसँग विशेष अनुरोध गरिनेछ ।

३९. नुवाकोट जिल्ला किस्पाङ गाउँपालिकाको सातदोबाटोदेखि ठुलोगाउँ, डाडाँगाउँ, खड्कु, करुमर्याङ, तिरु, ठुलोहाकु, बाहुनडाडाँसम्म सडक आयोजनाको उत्तरगया क्षेत्रभित्र पर्ने सडक खण्डको ट्र्याक खोल्ने, स्तरोन्नती गर्ने, र कालोपत्रे गर्न प्रदेश सरकारसँग अनुरोध गरिनेछ ।

४०. मनिगाउँ, भलायडाडाँ, कुवापानी, पैरेवेशी सडकको स्तरोन्नति गर्न र कालोपत्रे गर्नको लागि प्रदेश सरकारसँग पहल गरिनेछ ।

४१. वनुवाडाडाँ, पैरेवेशी सडकको थप स्तरोन्नति गर्न प्रदेश सरकारसँग अनुरोध गरिनेछ ।

४२. मैलुङ्ग, गोगने, तिरु सडकको स्तरोन्नती र कालोपत्रे गर्नको लागि निर्माणाधिन जलविद्युत कम्पनीहरुसँग समन्वय गरिनेछ ।

माधवप्रसाद अर्याल
अध्यक्ष

४३. गाउँपालिका भित्र सञ्चालन भएका अन्य स्थानीय सडकहरुको क्रमागत रुपमा स्तरवृद्धि गर्दै लगिनेछ ।

४४. सडकसँग नजोडिएका घरधुरीहरुमा पक्की सिँढीबाटो मार्फत सडक सञ्जालहरुसँग जोड्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४५. गाउँपालिकाको गुरुयोजना, आवधिक योजना, मध्यमकालिन खर्च संरचना र परियोजना बैंकमा भएका प्राथमिकताका आधारमा पूर्वाधार निर्माणका कार्यहरु क्रमशः अगाडि बढाउँदै लगिनेछ ।

४६. उपभोक्ता समितिबाट हुने कार्यहरुलाई दीगो, प्रभावकारी, समूदायमैत्री बनाउन कार्यविधीलाई व्यवस्थित बनाइनेछ ।

४७. पूराना झोलुङ्गे पुलहरु मर्मतसंभारको लागि कार्यक्रम तय गरिनेछ ।

४८. संघ, प्रदेश सरकार तथा निजी क्षेत्रसँगको साझेदारीमा भाँगे झरनाको पर्यटकीय पूर्वाधार विकास गर्न आवश्यक पहल गरिनेछ ।

४९. गाउँपालिकाभित्र हेलिप्याड स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्दै प्रत्येक वडामा निर्माण कार्य कार्यान्वयन गर्दै लगिनेछ ।

५०. औद्योगिक ग्राम स्थापनाको लागि आवश्यक समन्वयसहित सम्बन्धित निकायमा पहल गरिनेछ ।

सभाका सदस्यहरु

५१. खाद्य तथा नगदे वालीमा लाग्ने रोग नियन्त्रणका लागि कृषकलाई आवश्यक औषधि वितरण कार्यलाई निरन्तरता दिइनेछ । जलवायु अनुकुलन विउविजनको अनुसन्धान र विकासमा जोड दिइनेछ ।

५२. पशु बिमा कार्यक्रमलाई अझ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

५३. नव प्रवर्तनमा आधारित(Innovative Startup Program) कार्यक्रम सञ्चालनका लागि प्रविधि र क्षमता विकासमा सहलगानी नीति अवलम्बन गर्दै प्रयोगात्मक र स्थलगत (On-Site) तालिम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५४. गाउँपालिकाभित्रको उत्पादनलाई चिस्यान केन्द्रमा राखी सुरक्षित भण्डारण गर्ने कार्यमा सहजीकरण हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. रैथाने बाली प्रवर्द्धनमा कृषकहरुलाई प्रोत्साहन गर्ने, उत्पादनमा अनुदान दिने र उत्पादित वस्तुलाइ विद्यालय खाजा कार्यक्रम र कार्यालयबाट सञ्चालन हुने कार्यक्रमहरुमा खाजा कार्यक्रम मार्फत प्रयोग गर्ने गरी थप व्ययवस्थित गरिनेछ ।

५६. गाउँपालिकामा रहेको माटो परीक्षण ल्याबमार्फत माटो परीक्षण गरी माटो अनुकुलन हुने गरी कृषि विउको खोज गरी खेती गर्न कृषकलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

माधवप्रसाद अर्याल
अध्यक्ष

५७. कृषि उपज तथा पशुधनको वजारीकरणका लागि गाउँपालिका भित्र रहेका सहकारी तथा नीजि क्षेत्रसँगको सहकार्यमा सञ्जाल निर्माण गर्ने तथा उपयुक्त स्थानमा सुलभ विक्री केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

५८. पशुहरुको लागि औषधी वितरण तथा दुधको उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

५९. गाउँपालिकाद्वारा सञ्चालित साझेदारीमा आधारित "कृषि तथा पशु विकास उद्यमशिलता परियोजना"का माध्यमबाट कृषक, महिला तथा स्थानीय युवाहरुलाई लक्षित गरी रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि तथा पशुपालन व्यवसायको विकास गरिनेछ साथै उक्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाका कृषि तथा पशु सेवाका कर्मचारीहरुको अधिकतम सहभागीतामा कार्यक्रम सञ्चालन तथा कार्यक्रमको प्रभावकारी अनुगमन, सूपरिवेक्षण र सहजीकरण गरिनेछ ।

६०. गाउँपालिकाभित्रको औषधीय गुणका वनस्पतिको अध्ययन गरी उपयोग तथा सम्वर्द्धन योजना निर्माण गरी कार्यान्वयनका लागि पहल गरिनेछ।

६१. गाउँपालिकाबाट हुने एकीकृत तथ्याङ्क तथा प्रोफाइल निर्माणको क्रममा कृषि गणना गरी एकीकृत तथ्याङ्क अभिलेखमा समावेश गरिनेछ ।

सभाका सदस्यहरु

६२. उत्तरगया गाउँपालिकामा स्वच्छ खानेपानीको लागि सबै सरोकारवालाहरुको समन्वयमा एक घर एक धारा कार्यक्रम क्रमश लागू गरिनेछ ।

६३. छिमेकी स्थानीय तहहरुसँग समन्वय गरी वेत्रावती कैदलेटार क्षेत्रको फोहोर व्यवस्थापन गरिने र उपयुक्त क्षेत्र पहिचान गरी प्रशोधन केन्द्र तथा डम्पिङ साइट निर्माणको प्रकृया अगाडी बढाइनेछ।

६४. गाउँपालिकाभित्र कार्यान्वयनमा आई अधुरा भएका खानेपानी आयोजनाहरु क्रमशः सम्पन्न गर्दै लगिनेछ।

सभाका सदस्यहरु,

६५. उत्तरगया गाउँपालिकाको वृहत हितलाई ध्यानमा राखी उत्पादनशिल र रोजगारी प्रवर्द्धनको लागि पर्यटन, कृषि तथा पशुपालन, जडिबुटी खेती लगायतको क्षेत्रमा विभिन्न संघ संस्थाहरु, गैर सरकारी संस्था, दातृ निकाय निजी लगानीकर्ताहरुलाई आकर्षित गरी लगानी मैत्री उत्तरगया गाउँपालिका बनाईनेछ ।

माधवप्रसाद अर्याल
अध्यक्ष

६६. महिला विरुद्ध हुने सबै किसिमका भेदभाव शोषण र हिंसा अन्त्य गरिनेछ । वाल विवाह, वहु-विवाह, जातीय छुवाछुत, सामाजिक कुप्रथा, कुसंस्कार, अन्याय विभेद र अन्धविश्वास अन्त्य गर्न सामाजिक जागरण, सांस्कृतिक सुधार र सचेतना अभियानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६७. २०७२ साल बैशाख १२ गतेको विनाशकारी भुकम्प र प्राकृतिक विपदबाट विस्थापित भई हालसम्म पनि स्थायी आवासको व्यवस्था हुन नसकेको परिवारको लागि स्थायी आवासको व्यवस्था मिलाउन सरकारी निकायसँग पहल भइरहेको र निरन्तर गरिनेछ ।

६८. महिला सशक्तिकरण सीप विकास र आर्थिक सम्वृद्धिको लागि आवश्यक कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ।

६९. दलित, भुमिहिन, विपन्न परिवारको सम्वृद्धिको लागि रोजगार सृजना गर्ने तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७०. गाउँपालिका क्षेत्रभित्र सञ्चालित विघुत आयोजनाहरुले समुदायमा आधारित भएर खर्च गर्नुपर्ने सामाजिक उत्तरदायित्व अन्तर्गतको हिस्साको उपयोग समुदायको आवश्यकतामा आधारित रहेर परिचालन गर्नका लागि समुदायमा सामाजिक सुरक्षा र संरक्षणका क्षेत्रहरुको पहिचान गरी अधिकतम प्रतिफल प्राप्त गर्न सक्ने गरी गाउँपालिकाबाट आवश्यक समन्वय गरिनेछ साथै उक्त कार्यक्रमहरुमा गाउँपालिकाको गुरुयोजना, आवधिक योजना, परियोजना बैंक तथा मध्यमकालिन खर्च संरचनाले प्राथमिकता तोकेका कार्यक्रमहरु मात्र कार्यान्वयन गर्न अनिवार्य गराइनेछ ।

सभाका सदस्यहरु,

७१. सहकारी क्षेत्रको सिद्धान्तसँग तादात्म्यता हुने गरी सहकारी संस्थाहरुलाई अगाडी बढाउनको लागि संस्थागत क्षमता वृद्धि, नियमन र सुशासन प्रवर्द्धन गरिनेछ साथै सामान उदेश्य र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुलाई एक आपसमा गाभ्ने नीति अवलम्बन गरिनेछ।

७२. सहकारी क्षेत्रलाई नागरिकहरुको रोजगारी तथा जिविकोपार्जनसँग आबद्ध गराउने उद्देश्य पुरा गर्न गाउँपालिका भित्र रहेका सहकारीहरुलाई क्षमता विकास तालिम सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ। कृषि सहकारीहरुलाई प्रोत्साहन गरिनेछ।

७३. दलित, गरिब, विपन्न शैक्षिक वेरोजगार र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई सहकारी संस्था मार्फत कर्जा प्रदान गरी व्यवसाय गर्न उत्प्रेरित गरिनेछ ।

सभाका सदस्यहरु,

७४. गाउँपालिका क्षेत्रभित्रका सम्भावित पर्यटकीय स्थलको पहिचान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै फिकुरीलगायतका पहिचान भएका स्थलको प्रवर्द्धन गरिनेछ।

अध्यक्ष

७५. *"उत्तरगयाधाम"* रसुवा जिल्लाको मात्र नभएर देशको नै ऐतिहासिक र धार्मिक महत्वको स्थान हो । धार्मिक ग्रन्थहरुमा उत्तरगयाको महत्वको चर्चा गरिएको छ। प्रचारप्रसारको अभाव र आकर्षक पूर्वाधारहरुको निर्माण हुन नसक्दा हामीले नजिकको तिर्थस्थलको प्रवर्द्धन गर्न सकिरहेका छैनौं। यस धार्मिक तथा ऐतिहासिक स्थललाई जोड्दै गाउँपालिका भित्र रहेका "भुमेस्थान मन्दिर", भाँगे झरना, घलेगढी, कमेरेगढी, फिकुरी, तिरुलगायत स्थानहरुलाई होमस्टे पर्यटन र पर्यटकीय स्थलको रुपमा विकास गर्न पर्यटन गुरुयोजना तयार गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ। घलेगढीमा पर्यटक आवागमन व्यवस्थित गर्न विशेष व्यवस्था गरिनेछ।

७६. *उत्तरगया* धामको पूर्वाधार निर्माण, सञ्चालन, व्यवस्थापन र प्रवर्द्धन गर्न वनेको ऐन अनुसार गठित समिति मार्फत अन्य साझेदार संस्थाहरु सँग समेत समन्वय गरी प्रभावकारी सञ्चालनको संरचना निर्माण गरिनेछ।

७७. गाउँपालिका भित्र प्रचलनमा रहेका र लोप हुँदै गएका सीप कला सांस्कृतिक परम्पराहरुको संरक्षण र सम्वर्द्धन गर्न समुदायलाई प्रेरित गर्न आवश्यक कार्यक्रम अवलम्बन गरिनेछ । सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गरी सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सांस्कृतिक महत्व झल्काउने डिजिटल सामाग्रीहरुको प्रयोग गरिनेछ ।

७८. परम्परागत ज्ञान तथा मौलिक सिपमा आधारित लघु तथा घरेलु उद्योगलाइ प्रबर्द्धन गर्न समुहलाई प्रविधि हस्तान्तरण गरिनेछ ।

७९. वडा नं. १ को तिरु, वडा नं २ को डाँडागाउँ, वडा नं ३ को ठूलोगाउँ र पैरेगाउँ तथा वडा नं ४ को ढुङ्गेलाई होमस्टेसहित पर्यटन पूर्वाधारको विकास गरिनेछ ।

सभाका सदस्यहरु,

८०. युवाहरुलाई लक्षित गरी अनुशासन, संस्कृति विकास, शारिरिक तन्दुरुस्तीको लागि खेलकुद कार्यक्रम मार्फत उत्तरगया गाउँपालिकाको पहिचान र प्रतिष्ठाका लागि खेलकुद पूर्वाधार विकास, खेलकुद प्रतियोगिता र प्रशिक्षण कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८१. गाउँपालिकाभित्रका सबै आधारभूत विद्यालयमा खेल पूर्वाधारको विकास तथा हरेक वडामा खेलकुद केन्द्र स्थापना गर्न प्राथमिकता दिइनेछ।

८२. खेलकुद कार्यक्रमलाई प्रोत्साहन गरी पर्यटन क्षेत्रसँग आवद्ध गर्दै लैंजाने नीति लिइनेछ ।

सभाका सदस्यहरु,

८३. विकासमा निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रसँगको समन्वयलाई सुदृढ बनाउँदै लगिने छ । सम्पूर्ण विकासका क्रियाकलापमा जनसहभागीतालाई प्रवर्द्धन गर्ने नीति अख्तियार गरिनेछ ।

८४. विपद् तथा जोखिम न्युनीकरणका लागि विपद् व्यवस्थापन कोष निर्माण गरी आवश्यक पूर्वतयारी, उद्धार तथा राहत र पुनर्स्थापनाका कार्यहरु, जनशक्ति निर्माण र पूनर्ताजगी कार्यक्रमलाई निरन्तरता दिंदै थप प्रभावकारी बनाइनेछ ।

८५. विपद् जोखिम न्यूनिकरण व्यवस्थापनमा स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाइनेछ साथै तत्काल राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई थप सशक्त बनाइनेछ।

८६. विपद्को क्षेत्रमा काम गर्ने संस्थाहरुको समन्वयमा गाउँपालिकाको विपद् संवेदनशील क्षेत्रको भौगर्भिक अध्ययन भएका स्थानहरु लगायतको जोखिम क्षेत्रको पहिचान, खोज, उद्धार, राहत र पुनर्स्थापना सम्बन्धी कार्यमा प्रत्येक वडा, समूदायस्तर तथा सार्वजनिक निजी तथा सामुदायिक क्षेत्रसँगको सहकार्य र समन्वयमा विपद् जोखिम न्यूनिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

८७. विपद् व्यवस्थापन कोषमा रकम जम्मा गरी विपद् व्यवस्थापनको लागि आवश्यक सामाग्री व्यवस्था गरिनेछ ।

८८. विपद् व्यवस्थापनको कार्यलाई चुस्त बनाउनको लागि विपद् सम्पर्क व्यक्तिको आवश्यकताका आधारमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

८९. योजना निर्माण र सञ्चालनमा विपद् जोखिम न्यूनिकरणको पक्षलाइ विषेश ध्यान दिइनेछ ।

९०. विपद सूचनाप्रणालीलाई प्रभावकारी बनाइनेछ ।

९१. विपद पूर्वतयारी र प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि विशेष जोड दिइनेछ।

सभाका सदस्यहरु,

९२. गाउँपालिका भित्रका सबै सरकारी कार्यालय, मुख्य बजार क्षेत्र तथा चोकहरुमा मानवीय गतिविधिहरुको निगरानी राख्न सि.सि. क्यामेरा जडान गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ।

९३. पारदर्शीताको प्रवर्द्धन गर्दै सुशासन कायम गर्न आवश्यक ऐन, नियम तथा कार्यविधिहरु तर्जुमा गरिने छ । आवश्यकता अनुसार संसोधन र परिमार्जन गर्ने प्रकृया अगाडि बढाउनुका साथै स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सूचकहरुमा उत्कृष्ट नतिजा प्राप्त गर्न ध्यान दिइनेछ ।

९४. गाउँपालिकाको आर्थिक समुन्नतिका लागि गाउँपालिका क्षेत्रभित्र रहेका सम्भाव्य आन्तरिक आम्दानीका श्रोतहरु पहिचान गरी तिनलाई परिचालन गरिनेछ । गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयहरुको भवन निर्माणका लागि जग्गा प्राप्ति लगायतका कार्यलाई विशेष प्राथमिकता दिइएको छ र त्यसलाई निरन्तरता दिइनेछ।

माधवप्रसाद अर्याल
अध्यक्ष

९५. कृषि तथा पशु उपजको उत्पादनमा आत्मनिर्भर गाउँपालिका, सडकहरुको स्तरोन्नति, प्रत्येक वडामा कम्तिमा ठूला खानेपानी आयोजना मार्फत् खानेपानीको पहुँच विस्तार, सडक सौर्य बत्तीको विस्तार, मानव पुँजी निर्माण र रोजगारी सिर्जना, दिगो विकास र वातावरणीय सन्तुलन कार्य गर्दै संस्थागत सुशासनलाई प्राथमिकतामा राखिनेछ ।

९६. स्थानीय न्यायिक समितिको क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । न्यायिक समितिबाट समयमा नै मुद्दा फछ्र्यौट हुने व्यवस्थालाइ थप प्रभावकारी बनाइनेछ ।

९७. कार्य सम्पादनलाई प्रभावकारी र नतिजामा आधारित बनाउन प्रमुख प्रशासकीय अधिकृत र सम्पूर्ण कर्मचारीहरुबिच कार्य सम्पादन सम्झौता गरी आवधिक समीक्षा गरिनेछ ।

९८. गाउँपालिकामा निर्माण भएका रणनीतिक योजना, विषयगत गुरु योजना, आवधिक योजना, मध्यमकालिन खर्च संरचना, परियोजना बैंक, क्षमता विकास योजनाको पूर्ण कार्यान्वयनमार्फत विकास र सेवा प्रवाहलाई व्यवस्थित तुल्याइनेछ ।

९९. सार्वजनिक खरिदलाई व्यवस्थित, औचित्यपूर्ण, पारदर्शी बनाउन खरिद गुरुयोजना/खरिद योजना बनाई लागू गरिनेछ ।

१००. गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित तथा जनमूखी बनाउने सन्दर्भमा सेवाग्राही सर्वेक्षण नियमित गरिनेछ ।

१०१. योजना प्रणालिलाई पूर्ण रुपमा अनलाइनमा आधारित बनाउन प्रक्रिया अगाडि बढाइनेछ।

१०२. कर्मचारी व्यवस्थापनको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी लागु गरिनेछ ।

१०३. आर्थिक पारदर्शिता तथा वित्तीय अनुशासन कायम गर्न आय र व्ययको व्यहोरा नियमित रुपमा सार्वजनिक गरिनेछ।

१०४. गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारी मध्ये उत्कृष्ठ कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत तथा सम्मानित गरिनेछ।

१०५. कर्मचारीहरुलाई कार्यक्षेत्रमा कार्य गर्न थप उत्प्रेरणा गराउन प्रोत्साहन भत्ता तथा सेवा सुविधालाई थप व्यवस्थित गरिनेछ।

१०६. योजना तथा राजस्वको नियमित रुपमा चौमासिक समिक्षा बैठक राखिनेछ ।

१०७. गाउँपालिका कार्यालयभित्र पुस्तकालयको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

१०८. सुशासनको कसिमा पालिका, वडा कार्यालय र जनप्रतिनिधिहरुलाई खरो उतार्न, जनसहभागीता, योजनाबद्ध कार्य प्रणाली, जवाफदेहीता, प्रभावकारी कार्य सम्पादन, सदाचार र उच्च नैतिकतामा जोड दिइनेछ ।

१०९.गाउँपालिकामा एकिकृत तथ्याङ्कको व्यवस्थापन प्रणालि व्यवस्थापनको चरणमा रहेकाले सोको व्यवस्थापन पश्चात प्रभावकारी कार्यान्वयन गरिनेछ ।

११०.टोल विकास संस्था मार्फत सार्वजनिक सम्पत्तिको संरक्षण, सम्वर्द्धन र दीगो उपयोगलाई प्रोत्साहन गरिनेछ साथै टोल विकास संस्थालाई थप प्रभावकारी बनाउन टोल विभाजन प्रकृयालाई वैज्ञानिक प्रणाली मार्फत व्यवस्थित गरिनेछ ।

१११.विकास बजेटलाई उत्पादनशिल क्षेत्रमा विनियोजन गर्न प्राथमिकता दिइनेछ । विकास निर्माणमा अध्ययन, अनुसन्धान र डिजाइन पक्षलाई जोड दिदै विस्तृत अध्ययन डिजाइन तयार भएपछि मात्र निर्माण प्रकृया थालनी गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।

११२.गैरसरकारी संस्थाहरुसँग साझेदारी गरी परिणाममुखी काम गर्न प्रोत्साहन गरिनेछ । गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको नियमन गरी गाउँपालिकाको अनिवार्य स्वीकृति लिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

११३.आन्तरिक आयमा आउने संकुचन र खर्चमा आउने थप चापलाई व्यवस्थापन गर्न प्रशासनिक खर्चमा मितव्ययिता अपनाइएको छ र त्यस कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

११४. सुशासनको कसिमा नमूना गाउँपालिकाको रुपमा गाउँपालिकालाई स्थापित गरिनेछ ।

११५. गाउँपालिकाभित्रका महत्वपूर्ण धार्मिक/साँस्कृतिक एवम् ऐतिहासिक स्थल लगायतका सार्वजनिक स्थलहरुको नक्साङ्कन गरिनेछ।

११६. कर्मचारीहरुलाई क्षमता विकास तालिम र जनप्रतिनिधीहरुलाई नेतृत्व विकास तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११७. कार्यपालिका बैठक र कर्मचारी बैठकलाई मासिक रुपमा गर्ने तथा आवधिक समीक्षा र सार्वजनिक सुनुवाई कार्यलाई नियमित बनाइनेछ।

११८. सभा समिति र विषयगत समितिलाई प्रभावकारी बनाई समितिहरुको निर्णय तथा सिफारिसलाई कार्यान्वयन गरिनेछ।

११९. एकीकृत कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी लागू गरिने साथै कार्यान्वयनको त्रैमाशिक समीक्षा गरिनेछ।

१२०. गाउँसभाको बैठकको प्रत्यक्ष प्रसारण र रेकर्डिङ गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१२१. विषगत तथा क्षेत्रगत कार्य, छलफल, अनुगमन तथा दैनिक क्रियाकलापलाई पूर्वनिर्धारित कार्यतालिका र जिम्मेवारी सहित कार्यान्वयनमा ल्याइनेछ ।

सभाका सदस्यहरु,

माधवप्रसाद अ्याल
अध्यक्ष

१२२. सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता अभिवृद्धि गर्न सूचना प्रविधिको प्रयोग बढाई गाउँपालिकाको प्रत्येक क्रियाकलापलाई सूचना प्रविधियुक्त बनाइनेछ ।

१२३. सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन सम्भव भए सम्म भौतिक उपस्थितिबिना नै विद्युतीय माध्यमबाट सेवाग्राहिले सेवा प्राप्त गर्न तयार भएको गाउँपालिकाको छुट्टै मोबाइल एप्लिकेसनलाई पूर्ण कार्यान्वयनमा ल्याइनेछ ।

१२४. सूचना प्रविधियुक्त गाउँपालिका बनाउन योजनाबद्ध विकास गरिनेछ ।

१२५. नेपाल टेलिकमसंगको सहकार्यमा गाउँपालिकाभित्रका सबै सेवाकेन्द्र र विद्यालयमा अप्टिकल फाईवरमार्फत सञ्चार सेवा विस्तार गर्न पहल गरिनेछ।

१२६. वन उपभोक्ता समुहसँगको सहकार्य र समन्वयमा वन संरक्षण वृक्षारोपण, वन विविधिकरण, भूक्षय नियन्त्रण, खाली तथा सामुदायिक वनमा जडिबुटी प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालन गरी वन वातावरण तथा भू-संरक्षणलाई प्रभावकारी बनाइनेछ ।

१२७. हरियाली सडक कार्यक्रम कार्यान्वयनको लागि सरोकारवाला निकायहरु सँग समन्वय र साझेदारी गरिनेछ।

१२८. प्लाष्टिकजन्य फोहोर व्यवस्थापनको लागि विद्यालयमार्फत हरेक घरको प्लाष्टिक संकलन गरी व्यवस्थापन गर्नको लागि आवश्यक कार्यक्रम ल्याइनेछ।

१२९. वन्यजन्तुहरुबाट हुने बालिको क्षतिलाई न्यूनिकरण गर्न सरोकारवाला निकायहरुसँगको समन्वयमा नियन्त्रणका उपायहरुको खोजी गरिनेछ ।

१३०. गाउँपालिका भित्रका सम्भावित बजारहरुलाई व्यवस्थित गर्दै नियमित अनुगमन गरी अनुचित मुल्यवृद्धि, कृत्रिम मूल्य अभाव तथा कालोबजारी नियन्त्रण गर्ने व्यवस्था गरी गुणस्तर परीक्षण उपभोक्ता हित संरक्षणमा पर्याप्त ध्यान दिइनेछ ।

सभाका सदस्यज्यूहरु,

आर्थिक बर्ष २०८१।०८२ को यस नीति तथा कार्यक्रमले यस उत्तरगया गाउँपालिकाको समृद्धि र विकासको मार्गचित्र तयार गर्ने व्यवस्थित प्रयासलाई मूर्तरुप दिन विशेष योगदान गर्ने आशा लिएको छु। यस नीति तथा कार्यक्रमबाट कृषि क्षेत्रको उत्पादकत्व वृद्धिमा सकारात्मक योगदान पुग्नेछ । नागरिकको सुरक्षा, सामाजिक संरक्षण, शिक्षा र स्वास्थ्य लगायतका सेवालाई सर्वसुलभ रुपमा उपलब्ध गराई सामाजिक न्याय र समानता कायम गर्न मद्दत गर्नेछ । सबैको विश्वास र सद्भाव मार्फत् स्थानीय सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयनमा सक्रिय साथ र सहयोग प्राप्त गरी *"समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयाबासी"* को दिर्घकालिन सोच पूरा हुनेमा दृढ विश्वास लिएको छु।

अन्त्यमा, स्थानीय तह मार्फत् संघीय व्यवस्थाको वास्तविक अभ्यासबाट यस गाउँपालिकाको समग्र विकासमा योगदानका लागि निरन्तर खटिनुहुने गाउँपालिकाका जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारी, शिक्षक, राजनीतिक दल, निजी, सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत् लगायत सम्पूर्ण उत्तरगयाबासी आमाबुवा, दिदीबहिनी, दाजुभाईहरुबाट विगतमा झैं सकारात्मक सुझाव सल्लाह र सहयोगको अपेक्षा राख्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।